# सामाजिक परिक्षण प्रतिवेदन

## आ.व.२०८०/०८१

*पेश गरिएको :*

## कृषी तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास साझेदारी परियोजना

## दंगीशरण गाउँपालिका, दाङ

*पेश गर्ने :*


सामाजिक परिक्षक

**रमेश के.सी (आर.के.शीतल)**

# दंगीशरण गाँउपालिको संक्षिप्त परिचय

दंगीशरण गाउँपालिका लुम्बिनी प्रदेशको राजधानी जिल्ला दाङको एक स्थानीय तह हो । साविकको गोल्टाकुरी, हेकुली र श्रीगाउँ गाविस मिलेर बनेको दंगीशरण गाउँपालिकाको क्षेत्रफल ११०.७१ वर्ग किमि रहेको छ भने यस पालिकाको जनसंख्या २६,४२३ जना रहेको छ । जसमा १३ हजार ४ सय ७६ जना पुरुष र १२ हजार ९ सय ४७ जना महिला रहेका छन् । पालिकामा ५ हजार ३ सय ५२ घरधुरी संख्या रहेको छ । पूर्वमा तुलसीपुर उपमहानगरपालिका, पश्चिममा बबई गाउँपालिका, उत्तरमा शान्तिनगर गाउँपालिका र दक्षिणमा लमही नगरपालिका र बाँके जिल्ला रहेको छ ।

यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ । यस गाउँपालिकामा थारु जातिको बाक्लो बस्ती रहेको छ । यस पालिकामा सबैभन्दा धेरै थारु समुदाय, क्षेत्री, ब्राह्मण र अन्य जातजातिको बसाई रहेको छ ।

गाउँपालिकाको औषत पारिवारिक आम्दानीमा कृषि र पशु व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ । पालिकाका धेरै धस्थानमा कृषी उत्पादन स्थानहरु रहेका छन् । स्थानीय बासिन्दाको अरु आम्दानीको श्रोतको रुपमा साना उद्योग, व्यापार, सेवामुलक व्यवसाय, नोकरीको साथै वैदेशिक रोजगारी पनि हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका छन् । पालिकाको तथ्यांक अनुसार दंगिशरण गाउँपालिकामा कुल संख्यामध्य १ हजार ७ सय २२ महिला र ३ हजार ६ सय ४१ पुरुष कृषी पेशामा आवद्ध भएको देखिन्छ । जसमध्य कृषीबाट बार्षिक रुपमा ५० हजार भन्द कम आम्दानी गर्ने ३ हजार १ सय ९४ जना, ५० हजारदेखी १ लाख ५० हजारसम्म आम्दानी गर्ने ६ सय ६२ जना, एक लाख ५० हजारदेखी २ लाख ५० हजारसम्म आम्दानी गर्ने ६७ जना, २ लाख ५० हजारदेखी ५ लाखसम्म आम्दानी गर्ने ४५ जना, ५ लाख भन्दा माथी आम्दानी गर्ने ५ जना रहेको गाउँपालिकाको तथ्यांक छ ।

यस गाउँपालिकामने ३ हजार ५ हजार ६७ जनाले पशु मात्र पाल्ने, ६ सय ४७ जनाले पशुपंक्षी दुबै पाल्नर पंक्षिमात्र पाल्ने ८५ जनाको संख्या रहेको छ । गाउँपालिकाका किसानहरुले गाईभैसी, बंगुर, सुंगुर, बाखा, लोकल कुखुरा, भेडा, लगायतका पशुहरु पाल्ने गरेका छन् । यसका साथै व्यवसायीक रुपमा ब्रोईलर कुखुराको पनि पालन हुने गरेको छ । गाउँपालिकाको पशुपंक्षी तथ्यांक- २०७७ (नमूना सर्वेक्षण) अनुसार गाईभैसी ११ हजार ३ सय ७३, बंगुर/सुंगुर ७ हजार ६ सय ३५, बाखा १८ हजार ३ सय ७७ र लोकल कुखुरा २४ हजार १ सय ७७ रहेका छन् ।

यस गाउँपालिकामा ५१५९ हेक्टर जमीन खेतियोग्य रहेको छ । पालिकामा धान, मकै, गहुँ, तरकारी, आलु, तोरी, मसुरो, चना, केराउ, अर्सी लगायतका कृषीजन्य उत्पादन हुने गर्छ । यस पालिकामा व्यवसायीक रुपमा तरकारी खेति पनि रहेको छ । सिँचाईको पहुँच भएका स्थानहरुमा व्यक्तीगत एवं सामुहीक रुपमा व्यवसायीक तरकारी खेति भएको छ ।

# परियोजनाको संक्षिप्त परिचय

**परियोजनाको नामः** दंगीशरण कृषि तथा पशु विकासमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता साझेदारी परियोजना

**स्थानीय परियोजना साझेदार संस्था :** नेपाल महिला सामूदायिक सेवा केन्द्र

**कार्यक्षेत्र :** दंगीशरण गाउँपालिका

**परियोजना बजेट :** ६ करोड (गाँउपालिका-४ करोड २० लाख र हेफर प्रोजेक्ट नेपाल- १ करोड असी लाख)

**आ.व २०७९/८० को विनियोजीत बजेट :** ६०,००,०००/२३,५३,५००

**लाभान्वित परिवार संख्या :** २४००

**लाभान्वित परिवार युवा :** १००

**प्रत्यक्ष लाभान्वित परिवार संख्या :** २५००

**अप्रत्यक्ष लाभान्वित परिवार संख्या :** १०००

**जम्मा लाभान्वित परिवार :** ३५००

**परियोजना अवधीः** २०७९ फागुन १९ गते देखी २०८३ पौष १६ गतेसम्म

**आ.व २०८०/८१ को विनियोजीत वजेटः** रु १,६९,८८,५९४

**गाँउपालिका वजेटः** रु.१,१६,५९,४५३

**हेफर प्रोजेक्ट नेपालः** रु.५३,२९,१४१

## परियोजनाको लक्ष्य तथा उद्धेश्य

- यस परियोजनाको लक्ष्य प्रत्यक्ष रुपमा आवद्ध २५०० परिवारहरुको वार्षिक आम्दानीमा वृद्धि गरी जिविकोपार्जनमा सुधार गर्नु रहेको छ। यस परियोजनाको निर्दिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन्।
- गरिव र विपन्न परिवारहरु आवद्ध कृषि तथा पशु उद्यमहरुलाई मौसम अनुकुलन, वित्तिय सेवाहरुमा पहुँच तथा बजारसंगको सम्बन्ध विकास गरी व्यवसायिक तथा दिगो नाफामुलक उद्यमको रुपमा सुदृढिकरण गर्नु,
- निजी तथा वित्तिय संस्थाहरुको कृषि क्षेत्रमा हाल गर्दै आएको लगानीमा रुपान्तरणकारी बृद्धि गर्नु,
- साना किसान तथा आपुर्ति श्रृँखलामा आवद्ध आपुर्तिकर्ता, व्यापारी तथा निजी क्षेत्रको पहुँच अभिवृद्धि गर्नु,

**कार्यक्रमको नाम :** सामाजिक परिक्षण

**कार्यक्रम संचालन अवधि :** २०८० असारदेखी २०८१ असार मसान्तसम्म

**कार्यक्रम संचालन स्थान :** दंगीशरण गाऊपालीको सवै वडाहरु

**प्रक्रिया :** अर्न्तवार्ता, प्रश्नोत्तर, छलफल, भेटघाट, प्राईमरी डाटा संकलन तथा विश्लेषण

# कृषी तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास साझेदारी परियोजना

दंगिशरण गाउँपालिकाले कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी पालिका क्षेत्रमा रोजगारमुलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्ने उद्देश्यले कृषि तथा पशुवस्तुमा आधारित रही गरिवी निवारणका योजनाहरु सञ्चालन गर्ने उद्देश्यले हेफर प्रोजेक्ट नेपाल तथा स्थानीय गै.स.स नेपाल महिला सामुदकष्यिक सेवा केन्द्रसँगको साझेदारीमा सञ्चालन गर्ने गरी बहुवर्षिय "कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजना" दंगिशरण गाउँपालिकामा सञ्चालन गरेको छ ।

हेफर प्रोजेक्ट नेपालले विगत लामो समयदेखी नेपालका विभिन्न जिल्लाहरूमा पशुवस्तु तथा कृषि उपजहरूको उत्पादन तथा उत्पादकत्व प्रवर्धनका क्षेत्रमा विभिन्न परियोजनाहरू सञ्चालन गर्दै आइरहेको छ । उक्त परियोजनाहरूको तर्जुमा तथा कार्यान्वयन स्थानीय सरकारहरूको अगुवाई तथा लागत साझेदारीमा हुँदै आएको छ । हेफर प्रोजेक्ट नेपालले नेपालका २१ जिल्लाहरूमा कृषि तथा पशु उद्यमशिलता विकास परियोजनाहरू सञ्चालन गर्दै आएको छ । उक्त परियोजनाहरूमा हेफरको तर्फवाट ३० प्रतिशत र स्थानीय सरकारको ७० प्रतिशत लागत साझेदारी रहेको छ । दंगिशरण गाउँपालिकामा पनि सोही प्रावधान अनुसार नै काम भैरहेको छ ।

समुदायमा जीवन निर्वाहका लागि कृषि पेशा अंगालेर सामान्य रुपमा व्यवसाय संचालन गरिरहेका साना किसानहरुलाई परियोजनामार्फत समुहमा आबद्ध गराउने र समुहका सदस्यहरुलाई परियोजनाबाट पशु विकासको काम गरिरहेको छ । किसानहरुलाई पशुपालनतर्फ आकर्षीत गराउदै विभिन्न सहयोगबाट व्यवसायीक विकास र सामाजिक पूँजी निमार्ण गर्न यसले सघाउने गर्छ ।

पालिकाका किसानहरुलाई सामान्य खेतिकिसानीबाट व्यवसायीक बनाउन परम्परागत शैलीमा चलेका निवार्हमूखि पेशालाई उद्यम/व्यवसायको रुपमा विकास गर्न सहयोग गरी हरेक परिवारको बार्षिक आम्दानीमा थप बृद्धि गर्न यस परियोजनाले सघाएको छ । यो परियोजना वि.स २०७९ फागुन १९ गतेदेखी देखी २०८३ पुस १६ गतेसम्म सञ्चालन हुनेछ ।

परियोजना अन्तरगत दंगीशरण गाउँपालिकामा ९३ वटा महिला समूहहरु गठन भएका छन् । जसमा मूल समूह- २४ र उपहार समूह- ६९ रहेका छन् । यी समूहहरुमा २ हजार १ सय ६१ जना सदस्य आवद्ध हुनुभएको छ ।  यस आर्थिक वर्षमा विभिन्न तालिमहरु सञ्चालन गरिएको छ भने नमूना खोर, व्यवस्थित खोर, सुधारिएको भकारो निर्माण गरिएको छ । किसानहरुको उत्पादनलाई मध्यनजर गर्दै माटो परिक्षण, माटोमा गुणस्तर कायम गर्नकालागी चुना वितरण, घाँस वितरण लगायतका कार्यहरु सम्पन्न भएका छन् । गठन भएका मूल समूह र उपहार समूहहरुलाई विभिन्न तालिमहरु सञ्चालन भएका छन् । किसानहरुले योजना अनुसार बाखा उपहार गरेका छन् ।

यस आर्थिक वर्ष २०८०/०८१ मा बोका बितरण १४ वटा, राँगा वितरण ३ वटा, डिपीङ ट्याङ्क वितरण ७ वटा, नमूना खोर निर्माण १४ वटा, व्यवस्थित खोर निर्माण ५० वटा, भकारो निर्माण २५ वटा, मूल समूह र उपहार समूहलाई आधारशिला तालिम सम्पन्न गरिएको छ । समूहहरुलाई ९ वटा तालिम प्रदान गरिएको छ । जसमा २२५ जना सहभागी हुनुभएको थियो । यस्तै मूल समूहलाई पशुको उचित व्यवस्थापन तालिम ६ वटा सम्पन्न भएको छ । जसमा १ सय ५० जनाको सहभागीता रहेको थियो । किसानहरुको माग अनुसार १ सय ५१ घरको नमूना माटो परिक्षण गरिएको छ । माटोको गुणस्तर कायम राख्नकालागी २४ क्वीन्टल चुना वितरण गरिएको छ । यस आर्थिक वर्षमा सहकारी पनि गठन गरिएको छ । जसमा ६ सय १५ जना आवद्ध रहनुभएको छ । ५१ जनालाई सहकारी व्यवस्थापन तालिम र ३ जनालाई सहकारी लेखा व्यवस्थापन तालिम प्रदान गरिएको छ । गठन भएका समूहहरुमा उपहार गर्ने बानीको विकास भएको छ । जसमा यस आर्थिक वर्षमा १ सय ३१ घरले सोही संख्यामा बाखा उपहार गरिएको छ ।

समूहमा आवद्ध सदस्यहरुलाई पशु पालनकालागी सहजता ल्याउने काम पनि भएको छ । पशुकालागी घाँस उत्पादन गर्न आवश्यक भएकाले सदस्यहरुलाई घाँसको बिउ वितरण गरिएको छ । जसमा सुडान १३० केजी, बाजरा १३० केजी र टियोसेन्टी १३५ केजी वितरण गरिएको छ ।

**निष्कर्ष :**

दंगीशरण गाउँपालिका, हेफर प्रोजेक्ट नेपाल र नेपाल महिला सामुदायिक सेवा केन्द्रको सहकार्यमा सञ्चालन भएको कृषी तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशलता विकास साझेदारी परियोजना मार्फत ग्रामीण भेगमा नागरिकहरुको जिवनस्तरलाई आर्थिक रुपमा बलियो बनाउने काम समाजकालागी महत्वपूर्ण योगदान हो । गाउँगाउँमा पुगेर नागरिकहरुलाई एकजुट बनाई समूहमा आवद्ध गराई आर्थिक सशक्तिकरणकालागी परियोजनाले काम गरेको छ । जसबाट किसानहरुलाई व्यवसायीक बन्नकालागी परियोजनाले महत्वपूर्ण भूमीका निर्वाह गरेको छ । परम्परागत रुपमा गरिने कृषी र पशु पालनलाई आधुनिकतासँगै जोडेर आयआर्जनमा बृद्धि गर्नकालागी काम गरेको छ ।

परियोजनामार्फत किसानहरुको जीवनस्तर उकास्न महत्वपूर्ण योगदान भएको छ । परम्परागत खेतीपाती र पशुपालनमा रहेका किसानहरुलाई व्यवसायीक पशुपालन गर्न प्रेरित गर्ने काममा परियोजनाले राम्रो भूमिका खेलेको छ । समूहमार्फत महिलाहरुको जीवनस्तरमा परिवर्तन ल्याउनकालागी काम भइरहेको छ । कुनैबेला घरव्यवहार र चुलोचौकामा सिमित महिलाहरु अहिले समूहमा नियमित बचत गर्ने, आबश्यक पर्दा आफ्नै समूहबाट ऋण लिने, व्यवसाय गर्ने र आत्मनिर्भर बन्ने मार्गतर्फ उन्मुख भएका छन् । समूहगत उर्जा र समय-समयमा हुने तालिमका विषय आत्मसाथ गर्दै महिलाहरुको क्षमता विकास भई आत्मबल समेत बृद्धि भएको छ । यसले सशक्तिकरणको क्षेत्रमा पनि ठूलो योगदान दिएको छ ।

किसानहरुले परियोजनाबाट पाएको सहयोगलाई सदुपयोग गर्दै त्यसमा थप लगानी गर्दै व्यवस्थित रुपमा व्यवसायीक पशुपालनतर्फ लाग्नुभएको छ । २ वटा बाखा पाल्ने किसानहरु परियोजनाको सकारात्मक उर्जाकासाथ बाखाको संख्यामा थप गरि व्यवसायिक रुपमा बाखा पालनतर्फ उन्मुख हुनुभएको छ । समूहमा आवद्ध महिला दिदिबहिनीहरुमा पनि एक अर्कामा अनुभव आदानप्रदान गर्दै पशुपालनलाई थप व्यवस्थित बनाउन उन्मुख भएको देखिन्छ । परियोजनाबाट व्यवस्थित खोर, नमूना खोर, सुधारिएको भकारो निर्माणसँगै पशु पालनकालागी घाँसको बिउ पाउदा समूहका सदस्यहरुमा उर्जा थपिएको छ । व्यवसायलाई बृद्धि गर्दै लग्ने प्रतिवद्धता पनि रहेको छ ।

यस परियोजनामा आवद्ध किसानहरु परम्परागत कृषी र पशुपालनबाट व्यववस्थिततर्फ उन्मूख हुनुभएको छ । समूहमार्फत सामुहीक एकता र मेलमिलाप भएको छ । कृषी र पशुपालनमा व्यवसायीक हुनुभएको छ । व्यवसायिक भएसँगै आयआर्जनमा जोडीनुभएको छ । व्यवस्थित खोर र भकारो सुधारले पशुपालनमा आकर्षीत हुनुभएको छ । बाख्रा, बोका र राँगा अनुदान पाएसगै पशुपालनमा प्रोत्साहित हुनुभएको छ । उपहार कार्यक्रमले सहयोगको भावनामा विकास, सकारात्मक सोचको विकास भएको छ । परियोजनाबाट पाउने तालिम र सहयोग अनुदानले परिवारमा खुशी थपिएको छ । कृषीमा नया सोचको विकास भएको छ । परम्परागत खेतिकिसानी गर्ने किसानहरु आधुनिकतातिर आकर्षीत हुनुभएको छ । थोरै बजेटमा पनि देखिनेगरि धेरै काम गर्न सकिएको छ । कार्यक्रमले गाउँसमाजमा सकारात्मक माहोल सिर्जना गरेको छ । समय समयमा हुने तालिमहरुले चेतना र व्यवसायीक विकासमा प्रगति भएको छ । समूहमा आधारित भएर काम गर्दा सामूहिक भावनाको विकास भएको छ ।महिला केन्द्रीत कार्यक्रम भएकाले महिलाको सशक्तीकरण आयअर्जन बृद्धिमा टेवा पुगेको छ । नियमित फ्लोअप हुने भएकाले कामको प्रभावकारिता राम्रो देखिएको छ । एक व्यक्तीमा लगानी भैसकेपछि उसलाई व्यवसायीक बनाएरै छोड्नेखालको मोडेल भएकाले यसमा कामको उपलब्धी देखिन्छ । सामाजिक कार्यमा एकता देखिएको छ । समूहमा आवद्ध महिलाहरु सामाजिक काममा आकर्षीत हुनुहुन्छ । समाज विकासको कामसँगै सदस्यको घरमा परेको दुख सुखमा साथ दिनकालागी महिला सदस्यहरु अग्रसर हुनुहुन्छ । पशुको स्याहार सम्बन्धी तालिम पाउँदा किसानहरुमा पशूको स्वाहारबारे चेतना भएको छ । बाख्राका खोरमा सुधार आएको छ । खोरमा सुधार हुँदा घाँस खुवाउन, पानी खुवाउन र बाख्रालाई बस्न सहज भएको छ । गरिब परिवारमा पनि आयआर्जन बढाउन र जीवन सुधार्न सहयोगी भएको छ । यसका साथै नेपाल महिला सामुदायिक सेवा केन्द्रले संस्थागत एवं अन्य परियोजनाबाट हुने कार्यहरुमा यस परियोजनाका सदस्यहरुलाई पनि लक्षित गरि कार्यक्रम सञ्चालन गरेकाले सचेतना कार्यक्रम एवं आवश्यकता अनुसार निशुल्क मनोसामाजिक मनोविमर्श सेवा प्रदान गर्ने गरेको छ । जसले गर्दा सदस्यहरुमा थप खुशी थपीएको छ ।

यी सकारात्मक परिवर्तनलाई आत्मसाथ गर्दै आगामी दिनमा पनि अझ प्रभावकारी कामहरु गर्नुपर्ने देखिन्छ । किसानहरुलाई उनीहरुको रुची, आवश्यकता र सम्भावनाका आधारमा आयआर्जन र व्यवसायका काममा सहयोग गर्नुपर्ने देखिन्छ । नियमित प्राबिधिक सहयोग उपलब्ध गराई पशुपालन र खेतीपातीलाई आयमुलक बनाउन सक्नुपर्छ । यसले किसानहरुलाई व्यवसायीक कृषक बन्न प्रोत्साहन गर्न सक्छ । किसानहरुले उत्पादन गरेको वस्तुलाई बजारिकणको व्यवस्था गर्न सकेमा किसानहरुको उत्पादनले उचित मूल्य र स्थान पाउन सक्छ ।

किसानहरुको रोजाई अनुसार अनुदान प्रदान गर्नुपर्ने देखिन्छ । पशु र कृषीमा उन्नत जातको प्रयोग आवश्यकता र सदस्यहरुमो माग देखिन्छ । परापूर्व देखी कै कृषी तथा पशुको जात भन्दा पनि उत्पादनबाट किसानहरुले माटो अनुसारको उत्पादनलाई जोड दिदै कृषीमा आधुनिकीकरण आवश्यकता देखिन्छ । माटो चेकजाँच गरेरमात्र उत्पादनको योजना बनाएमा थप प्रभावकारी हुन सक्छ । कृषीमा जैविक मलको प्रयोगलाई पनि जोड्न सकेमा माटोको उत्पादन क्षमता जोगाउन सकिने र रासायनिक मल अभावको समस्या टर्ने देखिन्छ । सदस्यहरुलाई बोका तथा बाख्रा वितरण, व्यवस्थित खोर, सुधारिएको भकारो निर्माणको महत्वलाई अझै प्रष्टाउन सकेका बुझाईमा सकारात्मक प्रभाव पर्न सक्छ । गाउँपालिकासँगको समन्वयलाई प्रभावकारी बनाउदै वडा र सम्बन्धीत शाखाहरुसँगको सहकार्यलाई अझै बढाउन आवश्यक देखिन्छ ।

अनुदान सामाग्री प्रदान गर्दा उन्नत जातमा जोड दिदा उत्पादन राम्रो हुने, तालिमसँगै रोजगारमा जोड दिनुपर्ने, निम्न बर्गलाई केन्द्रीत गरी कार्यक्रम तय गर्नुपर्ने, समूहहरुलाई नियमित परिचालन र फ्लोअप गर्नुपर्ने, अघिल्ला बर्षमा भएको कामहरुको पनि समय समयमा फलोअप गर्नुपर्ने देखिन्छ । पशु र कृषीमा भएका कामहरुमा नियमित सल्लाह सुझाव दिनुपर्ने, खोर बनाउदा अति विपन्न परिवारहरुलाई खोर निर्माणमा अप्ठेरो भएकाले त्यस विषयलाई ध्यान दिएर खोर बनाउन खर्च पुग्ने गरी दिनुपर्ने, निर्माण भएको खोर, भकारो, वितरण गरिएको बाख्रा, बोका, राँगाको नियमीत अनुगमन गर्नुपर्ने देखिन्छ । दंगिशरणमा सञ्चालित यस परियोजनाका

क्रियाकलाप सहज रुपमा सञ्चालनकालागी परियोजना र वडा कार्यालयहरु एवं सम्बन्धीत शाखाहरुबाट थप समन्वय र सहकार्य हुन आवश्यक देखिन्छ । परियोजना सञ्चालनको विषयमा बुझाई फरक फरक हुँदा समन्वय सहकार्यमा कही कमजोरी देखिएकाले एक आपसको बुझाईको अन्तरलाई मेट्न आवश्यक देखिन्छ ।

## सामाजिक परिक्षणमा सरोकारवालाहरुले राखेका बिचारहरु :

सामाजिक परिक्षणका क्रममा परियोजना दंगिशरण गाउँपालिकाका सेवाग्राही, जनप्रतिनिधि र नागरिक समाजका प्रतिनिधिहरुसँग छलफल र अन्तर्वाता गरिएको थियो । यसका साथै फिल्डमा भएका कार्यहरुको अनुगमन गरिएको थियो भने समूह भेटघाट पनि गरिएको थियो । जसमा समावेशी सहभागितालाई जोड दिइएको थियो ।

**अन्तर्वार्ता तथा समूह छलफलमा सहभागीहरुको विवरण :**

| | दलित | जनजाति/आदिबासी | मुस्लिम | मधेसी | ब्राहमण / क्षेत्री | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| महिला | ७ | २६ | ० | ० | ८ | ० | ४१ |
| पुरुष | ० | ६ | ० | ० | ४ | ० | १० |
| जम्मा | **७** | **३२** | **०** | **०** | **१२** | **०** | **५१** |

### सरोकारवाला व्यक्तीसँगको अन्तर्वार्ता :

- **डम्बर खत्री**

**वडाध्यक्ष, दंगीशरण गाउँपालिका- २ दाङ ।**

*१. यहाँलाई कृषी तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास साझेदारी परियोजनाबारे के जानकारी छ ?*

दंगिशरण गाउँपालिका, हेफर ईन्टरनेशनल र नेपाल महिला सामुदायिक सेवा केन्द्रबीचको सहकार्यमा सञ्चालित कृषी तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता विकास साझेदारी परियोजनाबारे कार्यक्रम सम्झौताकै विषयमा र सो भन्दा पहिलेदेखी नै जानकार छु । हामी बसेर नै परियोजनाको योजना गरेकाले यसबारेमा जानकार छु ।

*२. यस परियोजनाले के-के काम गर्छ ?*

यस परियोजनाले कृषी तथा पशु पालनमा सहयोग गर्ने । महिलाहरुलाई रोजगारीमा जोड्ने । उनीहरुको दैनिकीमा सहज बनाउने काम यस परियोजनाले गर्ने गर्दछ । कृषी र पशु पालन सम्बन्धी तालिम दिने र उनीहरुको जिवनलाई आयआर्जनमा जोड्नकालागी परियोजनाले काम गरिरहेको छ । घाँस बिरुवा दिने, खोर, भकारो बनाउने काम गरिरहेको छ । यसका साथै बाखा, बोका, राँगा वितरण पनि यस परियोजनाले गरिरहेको छ ।

*३. यस परियोजनाले नागरिकको जीवनस्तर सुधारमा कत्तिको काम गरेको छ ?*

राम्रो गरेको छ । हाम्रो यस गाउँपालिका ग्रामीण भेगको गाउँपालिका हो । यस गाउँपालिकाका धेरै बासिन्दाहरु कृषी र पशु पालनमै बढि केन्द्रित हुनुहुन्छ । यस कार्यक्रमले पनि किसानहरुले गर्दै आएको कामलाई अझ व्यवस्थित रुपले कसरी सञ्चालन गर्ने भनेर काम गरिरहेको छ । जुन एकदमै प्रभावकारी भएको छ । हामीले पनि यस परियोजनाबाट भएका कामरुहरु नजिकबाट हेरेका छौ । अत्यन्त राम्रो छ ।

*४. परियोजनाले वडा कार्यालयसँग समन्वय र सहकार्य गरि कार्यक्रम कार्यान्वयन गरेको छ ?*

समन्वय सहकार्य एकदम रम्रो छ । साझेदारीमा कार्यक्रम सञ्चालन गरेका छौँ । पीएमसिसी बैठक पनि समयमै भईरहेको छ । जसले गर्दा एकआपसमा समन्वय सहकार्य भईरहेको छ । सामुदायिक सहजकर्ताले पनि हामीसँग समन्वय सहकार्य गरेर नै काम गर्नुहुन्छ । हरेक कुराको अपडेट गराउनुहुन्छ । काम गर्दा पनि योजना बनाउदा पनि सहल्लाह गरेर गर्नुहुन्छ । समन्वय सहकार्य एकदम राम्रो छ ।

*५. परियोजनालाई थप प्रभावकारी बनाउन कस्तो कार्यक्रम सञ्चालन गर्नुपर्छ जस्तो लाग्छ ?*

म जनप्रतिनिधी भएपछि एउटा गतिलो पाठ के भएको छ भने जनताका हरेक ईच्छा आकांक्ष त हामी पुरा गर्न सक्दैनौं । एउटा काम गरेपनि अर्को आवश्यकता भईहाल्छ त्यसैले यो परियोजनाबाट जे भईरहेको ती कामहरु किसान केन्द्रित छन् । ती कामलाई निरन्तरता दिएपनि धेरै राम्रो हुन्छ ।

*६. तपाइको सुझाव केहि छ ?*

मेरो सल्लाह भन्नुपर्दा परियोजनालाई कसरी प्रभावकारी बनाउन सकिन्छ भनेर काम गरौं । काम गरिरहेको हेफर नेपाल महिला सामुदायिक सेवा केन्द्र अनि पालिकाको कृषी तथा पशु शाखालाई थाहा छ परियोजनाको योजनाहरु तयार गर्दा किसानलाई प्राथमीकता दिएर काम काम गर्दा राम्रो होला ।

- **निरज बस्नेत**

**वडाध्यक्ष, दंगीशरण गाउँपालिका- ५ दाङ ।**

*१. यहाँलाई कृषी तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास साझेदारी परियोजनाबारे के जानकारी छ ?*

हामीसँगको साझेदारीमा परियोजना सञ्चालन भएकाले जानकार नै छु । हामीले नै कार्यपालिकाबाट पास गरेर सुरु गरेको काम हो । विशेष गरि यस गाउँपालिकाका किसानहरुलाई व्यवसायी बनाउदै आयआर्जनमा बलियो बनाउनकालागी सुरुवात गरेको परियोजना हो ।

*२. यस परियोजनाले तपाईको वडामा के-के काम गरिरहेको छ ?*

यो परियोजनाले कृषी र पशुमा लगानी गरेर सदस्यहरुको सशक्तिकरणकालागी काम गरिरहेको छ । साना किसानहरुलाई कसरी पैदर्ढन गर्ने र कसरी आर्थिक रुपमा सक्षम बनाउने भनेर परियोजनाबाट काम भईरहेको छ । किसानहरुलाई हरेक तरिकाबाट सहज र सजिलो बनाउनकालागी काम गरिरहेको छ ।

*३. यस परियोजनाले नागरिकको जीवनस्तर सुधारमा के कस्तो काम गरेको छ ?*

यस परियोजनाबाट भएका कामहरुको हामीले पनि वडा कार्यालयहरुबाट समय समयमा अनुगमन गर्छौं । पालिकाले पनि गर्छ अनुगमन हामीले पनि गर्छौं । काम एमदम राम्रो भएको छ । कृषी र पशु पालनका साना

साना कुरामा हामीले ध्यान दिएका हुदैनौ । यस परियोजनाले ती कामहरु सिकाउछ । बाख्रा कसरी पाल्ने, के खुवाउने, खोर कस्तो हुने, आफ्नो जिवन कसरी सहज बनाउने, व्यवसायिक रुपमा कसरी जोडिने, समाजमा बस्दा के कुरामा ध्यान दिने, समाज परिवार र आफूलाई कस्तो बनाउने भन्ने विषयमा पनि तालिम तथा अनौचारिक बैठकमा पनि जानकारी दिने गरेको पायैं । जुन मानिसको जिवनका धेरे महत्वपूर्ण पार्टहरु हुन् ।

*४. परियोजनाले वडा कार्यालयसँग समन्वय र सहकार्य गरि कार्यक्रम कार्यान्वयन गरेको छ ?*

राम्रो छ । समन्वय सहकार्य नियमीत भईरहेको छ । हाम्रो वडासँग सम्बन्धीत सबै कामहरुमा परियोजना टीमले जानकारी दिनुहुन्छ । समन्वय सहकार्य छर्नुहुन्छ । हामीसँग सल्लाह लिनुहुन्छ । सामुदायिक सहजकर्ता जिक परिचालकहरुले पनि राम्रो समन्वय सहकार्य गर्नुभएको छ । कार्यक्रम टिमले समन्वय सहकार्य एकदम राम्रोसँग गर्नुभएको छ । तर अर्को कुरा के छ भने गाउँपालिकाका कर्मचारीहरुबाट यस परियोजना प्रभावकारी बनाउनकालागी सोचे अनुरुप सहयोग नगरेको जस्तो लाग्छ ।

*५. परियोजनालाई थप प्रभावकारी बनाउन कस्तो कार्यक्रम सञ्चालन गर्नुपर्छ जस्तो लाग्छ ?*

अहिलेसम्म ठिकै छ । राम्रो नै छ त्यस्तो यो भन्ने हुने भन्ने त छैन तर कृषीमा निर्भर किसानहरुले अब प्रविधीसँगै च्याम्बर र ट्याक्टर दिएमा खेतिमा सहज हुन्थ्यो भन्ने कुरा गर्नुहुन्छ । यो परियोजनाले ती सामाग्री पपिन वितरण गर्न सकेमा राम्रो हुन्थ्यो भन्ने हो । सम्झौता अनुसार गाउँपालिकाले परियोजना टिमलाई काम गर्नकालागी सहजता जो हुनुपर्ने हो, त्यो छैन जस्तो लाग्छ मलाई । हाम्रो पिएमसीसी बैठकमा पनि धेरै कुरा भईरहेको हुन्छ । त्यसैले पालिकाले पनि यस विषयमा ध्यान दिन आवश्यक छ ।

*६. तपाइको सुझाव केहि छ ?*

त्यस्तो केही छैन । तर त्रिपक्षिय सम्झौता जो भएको छ सोही अनुसार काम नहुँदा भने समस्या भएको छ । सम्झौता अनुसारको काम नहुनु बिचमै अवरोध हुनु, सम्झौता अनुसारको रकम निकासा नहुनु जस्ता कारणले क्रियाकलाप सञ्चालनमा पनि समस्या भएको देखिन्छ । यसमा ध्यान दिन आवश्यक छ ।

- **रेशमबहादुर वली**

**वडाध्यक्ष, दंगीशरण गाउँपालिका- ७ दाङ ।**

*१. यहाँलाई कृषी तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास साझेदारी परियोजनाबारे के जानकारी छ ?*

हामीसँगको साझेदारीमा परियोजना सञ्चालन भएकाले जानकार नै छु ।

*२. यस परियोजनाले के-के काम गर्छ ?*

यो परियोजनाले कृषी र पशुमा लगानी गरेर सदस्यहरुको सशक्तिकरणकालागी काम गर्छ । महिलाहरुको आर्थिक सशक्तिकरणकालागी काम गर्छ । कृषीमा सदस्यहरुलाई कसरी उत्प्रेरित गर्ने र उनीहरुलाई व्यवसायी बनाएर आयआर्जनमा जोड्ने काम परियोजनाले गरेको छ । सदस्यहरुको आवश्यकता र माग अनुसार काम गरिरहेको छ ।

*३. यस परियोजनाले नागरिकको जीवनस्तर सुधारमा कत्तिको काम गरेको छ ?*

अहिलेसम्मको काम हेर्दा राम्रो गरेको छ । यो परियोजनाले सञ्चालन गरेका कार्यक्रमले समाजमा राम्रै प्रभाव पारेको देखिन्छ । यसबर्ष पनि हामीले खोर, भकारो निर्माण भएको छ । किसानहरुलाई बोका वितरण गरेका छौं । माटो परिक्षण भएको छ । किसानहरु खुशी हुनुहुन्छ ।

*४. परियोजनाले वडा कार्यालयसँग समन्वय र सहकार्य गरि कार्यक्रम कार्यान्वयन गरेको छ ?*

समन्वय सहकार्य राम्रै छ । सामाजिक परिचालकहरुले पनि राम्रो समन्वय सहकार्य गर्नुभएको छ । कार्यक्रम टिमले समन्वय सहकार्य एकदम राम्रोसँग गर्नुभएको  छ । तर अर्को कुरा के छ भने गाउँपालिकाका कर्मचारीहरुबाट यस परियोजना प्रभावकारी बनाउनकालागी सोचे अनुरुप सहयोग नगरेको जस्तो लाग्छ ।

*५. परियोजनालाई थप प्रभावकारी बनाउन कस्तो कार्यक्रम सञ्चालन गर्नुपर्छ जस्तो लाग्छ ?*

हामीले वडासम्म काम गरेका छौ । यस संस्थाले काम गर्दा टोल-टोलसम्म पुगेर ग्रामीण  बस्तीका गुनासाहरु समस्याहरु सुनेर ती समस्या समाधानकालागी काम गरे राम्रो हुन्थ्यो । टोल टोलमा पुग्न सक्ने हो भने खास समस्या के हो भनेर थाहा हुन्थ्यो । पुग्न त पुग्नुभएको छ तर अझै पनि भित्री गाउँ गाउँसम्म पुग्न आवश्यक छ । यो परियोजनाका कामहरु जहिले पनि हतार अतारमा भएको देखिन्छ । यस्तो किन भएको छ । यस विषयमा साझेदार तीन संस्थाहरु गाउँपालिका, हेफर र नेपाल महिला सामुदायिकले ध्यान दिन आवश्यक छ ।

*६. तपाइको सुझाव केहि छ ?*

त्यस्तो विशेष त केही छैन गाउँपालिकाले यस परियोजानको महत्व बुझेर परियोजना टिमलाई काम गर्नकालागी सहज वातावरण बनाउन आवश्यक छ जस्तो लाग्छ । हामीले अनुदानमा खोर गोठ तयार गरिदिएका छौँ । किसानहरु कोही त्यसमा थप लगानी गर्न ईच्छुक र आर्थिक रुपमा सक्षम हुनुहुन्छ भने कतिपय किसानहरुको आर्थिक अवश्था एकदम कमजोर छ । उहाँहरुलाई खोर, भकारोको एकदमै आवश्यकता छ तर आफूसँग आर्थिक पूजी नहुदा समस्य छ । त्यस्ता किसानहरुलाई हामीले पनि ध्यान दिनुपर्छ । आर्थिक अवश्थाका कारण एउटै मापदण्डमा काम गर्द समस्या हुने गरेको छ । यस विषयमा परियोजनाले कसरी गर्ने काम प्रभावकारी र सबैको पहुँचमा पुऱ्याउने भनेर सोच्न आवश्यक छ ।

- **सन्तोष सुवेदी**

**उपाध्यक्ष, नेपाल पत्रकार महासंघ दाङ ।**

*१. यहाँलाई दंगीशरण गाउँपालिकामा सञ्चालित कृषी तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास साझेदारी परियोजनाबारे केही जानकारी छ ?*

जानकारी छ । नेपाल महिला सामुदायिक सेवा केन्द्र, दंगीशरण गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको सहकार्यमा सञ्चालन भएको परियोजना हो ।

*२. यस परियोजनाले के-के काम गर्छ ?*

यस परियोजनाले कृषी तथा पशुको क्षेत्रमा काम गर्छ । जसले साना किसानहरुलाई व्यवसायिक बनाउनकालागी काम गर्दछ ।

*३. यस परियोजनाले नागरिकको जीवनस्तर सुधारमा कत्तिको  काम गरेको छ ?*

राम्रै छ । विभिन्न कामले यस गाउँपालिकाका विभिन्न गाउँसम्म पुग्दा पनि यस परियोजनाको बारेमा किसानहरुले कुरा गर्नुहुन्छ । उहाँहरुले गरेको मेहनत र यस परियोजनाको सहयोगले किसानहरुको दैनिकीमा सकारात्मक परिवर्तन भएको देखिन्छ ।

*४. परियोजनालाई थप प्रभावकारी बनाउन कस्तो कार्यक्रम सञ्चालन गर्नुपर्छ जस्तो लाग्छ ?*

यस परियोजनालाई अझ थप प्रभावकारी बनाउन कृषक सदस्यहरुको आवश्यकता र माग अनुसार काम गर्न सकेमा अझ राम्रो हुन्थ्यो । किसानहरु के चाहनुहुन्छ । हामीले भन्दा पनि उहाँहरुले आवश्यकता बुझेर काम गर्दा अझ राम्रो होला ।

*६. तपाइको सुझाव केहि छ ?*

यो परियोजना दिगो होस्, प्रभावकारी होस् । सदस्यहरुको मन जित्न सकोस् । त्यही नै होस् ।

## ***समूहका पदाधिकारी/सदस्यहरुसँगको कुराकानी :***

## ***यस परियोजनाबाट तपाईहरुले प्राप्त गरेका मुख्य उपलब्धिहरु के-के छन् र अब थप के भईदिए हुन्थ्यो ?***

- ***हिमाकुमारी कुसारी - सदस्य, जागरण महिला समूह (दंगिशरण २ बालापुर)***

हामीले पहिलेदेखी हो बाखा पालन गरेका थियौँ । बुवा बाजेहरुले गर्दै आएको बाखा पालन हामीले पनि गरिरहेका थियौँ । तर व्यवसायीक रुपमा कसरी गर्ने भन्ने जानकारी नहुदाँ २/३ वटा मात्र बाखा पाल्यौ । अहिले यो परियोजनाले हामीलाई कसरी बाखा पाल्ने, के खुवाउने, कस्तो खोरमा राख्ने जस्ता कुराहरु सिकाएको छ । विभिन्न तालिममा, बैठकहरुमा उहाँहरुले दिएको जानकारी र उहाँहरुको कुरा सुनेर हामीले पनि व्यवसायिक रुपमा बाखा पालन गर्ने योजना गऱ्यौ । गाउँपालिकाले हामीलाई नमूना खोरकालागी आर्थिक सहयोग गऱ्यो । हामीले सोही रकममा थप गरेर यो खोर बनाएका हौँ । अहिले हामीसँग ३९ वटा खासी, बोका, बाखा छन् । समूहमा आवद्ध भएका छौँ । मासिक ५० रुपैया बचत गर्ने गरेका छौँ । हाम्रो समूहमा ३० जना छौँ । सबैले त्यो रकमलाई थोरै ब्याजमा पालैपालो चलाउने गर्दछौँ । यो खोर बनाएपछि हामीलाई धेरै सजिलो भएको छ । आधा बोझ त कम भएको छ यो खोर बनाएपछि । आउछन् बाखालाई यसैमा हुल्छौँ । दिउसो् वनमा चराउन लैजान्छौ । बाखा पालन गरेपछि हामीपनि व्यस्त भएका छौँ । बेचेर समय समयमा आम्दानी पनि हुन्छ । गोटीखोलाबाट बोयर बोका नि लिएका छौँ । खुशी छौ बाखा पालनबाट ।

- ***ईन्द्रा वली : सदस्य, सगरमाथा महिला समूह (दंगिशरण १ बाँकी)***

यो परियोजनाले गठन गरेको समूहको सदस्य छु । मसिक २० रुपैया जम्मा गर्छौ । दिदिबहिनीहरु भेट हुन्छौ । महिनामा एक पटक पनि सुखदुखको कुरा गर्ने गर्दछौँ । राम्रो भएको छ । तालिम दिनुभयो । आधारशीला, पशु पालन कसरी गर्ने भनेर । त्यो सँगै हामीलाई जिवनमा चाहिने धेरै कुरा सिकाउनुभएको छ । एकदम खुशी छौँ । अहिले खोर बनाउनकालागी यो कार्यक्रमले हामीलाई पैसा दियो । त्यसमा थपथाप पारेर खोर बनाईरहेका छौँ । हाम्रो यो ठाँउ बाखा पाल्नकोलागी एकदमै सजिलो छ । तर पाल्ने तरिका थाहा थिएन । अब हामी पनि बाखा बढाएर व्यवसायिक रुपमै गर्ने भनेका छौँ ।

अब हामीलाई घाँसको बिउ प्रशस्त मात्रामा दिएपछि र खोरलाई बर्ष बर्षमा मर्मतकालागी केही सहयोग गरेमा सहज हुने थियो ।

- ***सुमती चौधरी : उपाध्यक्ष, सामाजिक महिला समूह (दंगिशरण ४ बैवाङ)***

हामीले यो कार्यक्रमले गठन गरेको समूहमा आवद्ध भएका छौँ । समूहमा महिनामा एक पटक दिदिबहिनीहरु बैठक बस्छौँ । बैठकमा सबैको भेट हुन्छ । आफ्नो आफ्नो कुराकानी हुन्छ । अनि हामीले मासिक एक सय रुपैया जम्मा पनि गर्ने गर्दछौँ । तालिम पनि लियौँ । हामीले आधारशीला तालिम, पशुको उचित व्यवस्थापन तालिम लियौ । सहकारी व्यवस्थापन तालिम पनि भयो । हामीलाई बाखा पालन व्यवसायिक रुपमा गर्न अलि समस्या छ । घरमा एक्लै छु, केटाकेटी साना छन्, बुढा हुनुहुन्छ घरमा । खोतिपाती पनि गर्नुपर्‍यो, घरको अरु काम नि गर्नुपर्‍यो । एकदम गाह्रो छ । मन त छ धेरै बाखा पाल्ने तर समस्या त्यस्तै छ ।

हामीलाई जति बाखा पालेका छौँ । तिनी पनि बेच्ने भए भने एकदम बिक्री गर्न समस्या छ । सरकारीले किनिदिने कुरो हो अझै सम्म किन्न आउनुभएको छैन हाम्रो गाउँमा । हाम्रा बेच्ने बाखा सहकारीले किनिदिएमा मुल्य पाउथ्यौ की भन्ने लाग्छ ।

- ***रामदेशही चौधरी : सचिव सामाजिक महिला समूह (दंगिशरण ४ बैवाङ)***

यो परियोजनाले हामीलाई धेरै फाईदा गरेको छ । तालिम गरेका छौँ । हाम्रो समूहका ४ जना महिला सदस्यहरुले खोर, खकारो बनाउनुभएको छ । हामीले पनि अर्को बर्ष बनाउने भनेका छौँ । सजिलो हुन्छ । बाखा बसरी पाल्ने भनेर सिकाउनुभयो । राम्रो भएको छ । बचत गर्छौं । सस्तो ब्याजमा हामीले पालैपालो चलाउछौँ ।

- ***डोटी महतरा : सदस्य, जनकल्याण महिला समूह (दंगिशरण ६ राजपुर)***

हामी दिदिबहिनीहरु जम्मा भएर यो समूह गठन गर्‍यौ । जसमा यो परियोजनाले हामीलाई सहयोग गरेको छ । हामीलाई तालिम दिएको छ । खोर बनाउन पैसा दिएको छ । तालिममा हामीलाई बाखा पालनसम्बन्धी धेरै कुरा सिकाउनुभएको छ । हामीले त्यसलाई पालना गर्ने कोसिस गरिरहेका छौ । समूहबाट ऋण लिएर चलाउन पाएका छौँ । हामी १५ जना समूहमा आवद्ध छौँ । अहिले मसँग १२ वटा बाखा छन् । यसबर्ष खोर बनाउदैछु । खोर बनाउन यस कार्यक्रमले दिएको पैसाले नपुग्ने भएपछि केही मैले थप गरेर बनाईरहेको छु ।

हाम्रा बाखा उत्पादन भईसकेपछि विक्री गरिदिए हुन्थ्यो । हामीले कुत्वा(मुल्य तोकेर) बेच्ने गर्दछौ । जसले गर्दा हामी घाटामा परे झै लाग्छ । सहकारीबाट खरिद गरिदिने भन्ने कुरो थियो । त्यसै गरिदिए सजिलो हुन्थ्यो । कृषीमा पनि हामीलाई सहयोग गरिदिए राम्रो हुन्थ्यो । कृषीकालागी बिउबिजन, बिउमा लाग्ने किरा मार्ने उपाय, पशुको निशुल्क उपचार जस्ता कामहरु पनि भएमा एकदम सहज हुन्थ्यो ।

- ***झग्की रावत : सदस्य, जनकल्यण महिला सामूह (दंगिशरण ६ राजपुर)***

यो परियोजनाले हामीलाई धेरै नै कुरामा सहयोग पुर्‍याएको छ । बाखा पाल्न सिकाएको छ । बाखाको घाँस दिएको छ । बाखालाई कस्तो ठाँउमा राख्ने । खोर कस्तो बनाउने कुन घाँस खुवाउने भनेर पनि सिकाएको छ । धेरै राम्रो भएको छ । महिला दिदिबहिनीहरु भेला भएर समूह बनाएका छौँ । मासिक बचत गर्छौं ।

हामीले पालेका खसी बेच्दीने भन्ने कुरो हो । सहकारीबाट गाउँपालिकाले लग्दीने कुरो हो । हामीले अहिले १६ वटा खसी बाखा पालिरहेका छौँ । अस्ती भर्खर १० वटा खसी २ वटा बाखा बेच्यौ । कुत्वा मुल्यमा बुच्नुपर्‍यो । हामीले खसीबाखाको मुल्य नपाएपछि किन्नेले जतिमा भन्यो त्यतिमा बेच्यौ । कहिलेकाही घाटा लाग्यो कि जस्तो

लाग्छ त्यसैले खसीबाखा पनि यो कार्यक्रमले काटा गरेर किनिदिनुपऱ्यो । भैसी नि पालेका छौ । दुध बेच्न पनि समस्या छ ।

- ***जसविर बुढा : सदस्य, प्रगतिशील महिला समूह (दंगिशरण ६ थपगाउँ)***

  बाखा पालिरहेका छौ । अहिले खोर बनाईरहेको छु । यही कार्यक्रमले दिएको खोर हो । ८/९ वटा बाखा पनि छन् । हाम्रो मुख्य आम्दानीको स्रोत भनेको यही कृषी र पशुपालन हो । यसमा हामलिाई अझै समयमा कृषीकालागी बिउ, औषधी, खेतिकालागी पावल ट्रेलर(ट्याक्टर) दिएमा राम्रोहुन्थ्यो । बाखा, बंगुर दिएमा अझ राम्रो हुन्थ्यो । किन्नकालागी हामीसँग पैसा छैन । सुरुमा दियो भने हामीले अलि धेरे बनाएर व्यवसायिक रुपमा नै कृषी र पशुपालनमा लाग्ने थियौं ।

- ***बोधकुमारी बस्नेत : सदस्य, हरियाली महिला कृषक समूह (दंगिशरण ५ मिरौली)***

दुई बर्ष भयो म यो समूहमा आवद्ध भएको । मासिक बैठक बस्छौं । २६ जना छौं समूहमा । खोर बनाएका छौ । यस कार्यक्रमले सहयोग गरेको अनुदान रकम अनि हामीले बनायौं । त्यसमा केही थप गरेर हामीले खोर बनाएका हौं । खोर बनाएपछि धेरे सजिलो भएको छ । व्यवस्थित रुपमा बाखा पाल्न सकेका छौं । गोबर सोहर्न पनि अति सजिलो हुने रैछ ।

हामीलाई अझै घाँस दिएमा सजिलो हुनथ्यो । कृषीकालागी पनि बिउ बिजन दिए राम्रो हुन्थ्यो । हामीलाई कृषी र पशुपालनमा सजिलो हुन्थ्यो ।

- **रामकली चौधरी सगरमाथा महिला समूह (दंगिशरण ३ रावतगाउँ)**

  हामीले यस कार्यक्रमबाट समूह गठन गरेका छौ । जसमा महिला दिदिबहिनीहरु आउछौ भेला हुन्छौं । दुखसुख कुरा गर्छौं । मैले पनि ५ वटा बाखा ३ वटा बंगुर पालेको छु । एकदम राम्रो भएको छ । कसरी पाल्ने भन्ने सिकेको छु । हामीले उपहार पनि गर्छौं । समूहबाट जसले गर्दा हामीमा एक आपसमा सद्भाव माया बढेको छ ।

- **दिव्यज्योति थापा महराः अध्यक्ष, कोपीला महिला समूह (दंगिशरण ५ पोटली)**

  हामीले समूह गठन गरेको ३ बर्ष भयो । मासिक ५० रुपैया बचत गर्दछौं । हालसम्म ३६ हजार २ सय ६० रुपौया बचत भईसकेको छ । हामीले त्यो पैसा थोरै ब्याजमा पालैपालो चलाउछौं । सामुहिक रुपमा पनि खेति गर्ने गर्छौं हामीले । आलु खेति गरेका थियौं । अहिले हाम्रो समूहलाई १ वटा बोका पाएका छौं । बिउको रुपमा हामीले बोयर बोका पाएका हौं । घाँस पाएका थियौ । सबैले रोप्यौ तर कतिको जागेन भन्नु हुन्छ । मेरो पनि अलि अलि जागेको छ ।

  समयमा बिउ बिजनन पाए हुनथ्यो । मल बिउहरु समयमा पाएपछि हामी किसानकालागी त्यो भन्दा ठुलो के हुन्छ र ? यो कार्यक्रमले यत्ति गरिदिए हुन्थ्यो जस्तो लाग्छ ।

- **सपना वली : सदस्य सिद्धेश्वरी महिला समूह (दंगिशरण ७ बुटनिया)**

हामीले बाखा भैसी पहिले देखी नै पाल्दै आएका छौं । यो सिद्धेश्वरी महिला समूहमा आवद्ध भएपछि झन् ती पालनलाई कसरी व्यवसायिक बनाउने भनेर सिकेका छौं । हामीले पोहोर साल पाएको घाँसहरु रोपेको एकदम राम्रो भएको छ । नेपिएर, उखु घाँस, किम्बु, भटमासे घाँसहरु एकदम राम्रो भएको छ । बगैचामा रोपेको हो ।

घाँस भएपछि हामीलाई भैसी पाल्न बाख्रा पाल्न एकदम सजिलो भएको छ । जसले गर्दा हामीलाई कृषीमा सजिलो भएको छ ।

**समूहमा गरिएको कुराकानी**

***यो परियोजनबाट तपाईहरुलाई समूहगत रुपमा के फाईदा भएको छ ? अब के भईदिए हुन्थ्यो ?***

***श्रमजिवी महिला समूह (दंगिशरण ५ कुमलगढी)***

हामी सबै आ-आफ्नै पशुपालनमा थियौ । यो परियोजनाले हामीलाई एक बनाएर समूहमा आवद्ध गराएको छ । जसले गर्दा हामीलाई समूहगत रुपमा काम गर्न सजिलो भएको छ । आवश्यकता अनुसारको सल्लाह सुझाव परियोजनाका सर म्याडमहरुले दिनुहुन्छ । हामीले उहाँहरुको सल्लाहअनुसार काम गरिरहेका छौँ । जसले गर्दा हामीलाई पशु पालनमा सजिलो भएको छ । हामीले कृषीमापति तरकारी खेति व्यवसायीक रुपमा गर्ने गरेका छौ । हाम्रा पुर्खाहरुले नै तरकारी खेति गर्ने गर्नुभएको थियो । हामीले पनि तरकारी खेति गर्ने गरेका छौँ । तर पछिल्लो समय हामीले व्यवसायिक रुपमा नै तरकारी खेति गर्ने गरेका छौँ । हामीले सिजन अनुसारको र बेसिजनको पनि तरकारी खेति गर्दछौ । कसले १ कठ्ठामा पनि तरकारी खेति गरेका छौँ, कसैले १० कठ्ठासम्म पनि जग्गा ठेक्कामा लिएर तरकारी खेति गर्ने गरेका छौँ । सिजनमा १० हजारदेखी एक लाखसम्म कमाउने गर्दछौँ । तरकारी खेतिलाई कसरी राम्रो बनाउने भनेर हामीलाई तालिम दिनुभएको छ । सोही अनुसार हामीले तरकारी खेति गर्दछौँ । राम्रो उत्पादन भईरहेको छ । काक्रा खेति हामीले सामुहिक रुपमा गरेका छौँ । राम्रो फलेको छ । समूहमा सबैजना आउछौ । कुराकानी गर्छौं । आफ्नो व्यवसायीक तरकारी खेतिको बारेमा कुराकानी गर्छौं । एक अर्काको अनुभवले पनि हामीलाई सजिलो बनाउछ । दिनभर खेत बारीमा काम गर्दछौँ । राति ३ बजे उठेर तुलसीपुर बजारमा तरकारी बेच्न लग्छौँ । फर्कदा कहिले ९ बज्छ कहिले १२/१ बजेसम्म पनि घर फर्कने हुदैन ।

तरकारी खेतिमा हामीलाई  हामीलाई अझै पनि धेरै तालिमको आवश्यकता छ । तालिम दिएर हामीलाई व्यवासायिक रुपमा अझै बलियो बनाउन आवश्यक छ । हामीलाई यो परियोजनाबाट झाँरी, टंकी, पञ्जा, मास्क दिनुभएको थियो । जसले गर्दा खेतिपातीमा सजिलो भयो । हाम्रो यहाँ सिचाँईको समस्या रहेको छ । सिचाईकालागी मोटर, पम्पसेट, टेक्टर आवश्यक छ । हामीलाई यी सामाग्री दिएमा तरकारी खेतिमा सहज हुने थियो । यो समूहबाट हामीलाई सामुहिक एकता पनि भएको छ ।

# प्रारम्भिक प्रतिवेदन सार्वजनिक कार्यक्रम

सामाजिक परिक्षणको प्रारम्भिक प्रतिवेदन तयार पारिसकेपछि सरोकारवालाहरुसमक्ष सार्वजनिक गरेर त्यसबारे आबश्यक सुझावहरु लिइएको थियो । दंगीशरण गाउँपालिकाका अध्यक्ष शम्भु गिरीको अध्यक्षतामा भएको कार्यक्रममा स्थानीय सरकारका प्रतिनिधि, सेवाग्राहीसँग सुझावहरु संकलन गरिएको थियो । त्यस अवसरमा सामाजिक परिक्षक रमेश के.सी(आर.के.शीतल)ले सामाजिक परिक्षणको प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत प्रतिवेदन सर्वसहमतिमा अनुमोदन गरिएको थियो ।

**मिति :** २०८१ असार १८ गते मंगलवार
**स्थान :** दंगीशरण गाउँपालिकाको सभाहल

**समय :** दिउसो १ देखी ३:३० बजे

**स्रोतहरुः** दंगीशरण गाउँपालिका, परियोजना कार्यालय, परियोजना कार्यक्रम, समूहका सदस्यहरु, तथ्यांक कार्यालय दाङ

**सामाजिक परिक्षणको क्रममा लिईएका तस्वीरहरुः**



















**रमेश के.सी (आर.के.शीतल)**

**सामाजिक परिक्षक**